हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

आज मिती २०७८ साल वैशाख महिनाको २३ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (प्रमुख प्रशासकिय अधिकृत) | राज कुमार दास | |

प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिती २०७८।०१।२३

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।

२. वडा नं. १ को सडक मर्मत तथा डिजेल खर्च दिने सम्वन्धमा ।

३. खानेपानी हयाण्डपाइप सम्वन्धमा ।

४. हरैया डुवान क्षेत्रमा नाला निर्माण सम्वन्धमा ।

५. औषधी खरिद सम्वन्धमा ।

६. खोप केन्द्रको लागि फर्निचर व्यवस्था गर्ने सम्वन्धमा ।

७. ईन्द्रपुर फिल्ड कम्पाउण्डमा थप रकम दिने सम्वन्धमा ।

८. सार्वजनिक विद्यालय लक्ष्मीपुरको कम्पाउण्डवाल भत्काइएको मर्मत सम्भार कार्यमा थप रकम दिने सम्वन्धमा ।

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा प्रधान मन्त्री रोजगार कार्यक्रम युवा रोजगारीको लागि रुपान्तरण पहल योजनाको लागि आ.व. २०७७।०७८ मा रु. ८७,०८,०००।०० विनियोजित रकम मध्येबाट रकम रु. ४२,८९,००१।०० मा देहायका योजना तथा कार्यक्रम संचालन गर्न यस हरिपुर नगरपालिकाको विभिन्न वडाबाट प्राप्त पुर्ण रुपमा फाराम भरिएका बेरोजगार विवरणहरुलाई सुचिकृत गरी प्राथमिकता क्रममा परेका बेरोजगार व्यक्तिहरुको विवरण सदर गर्ने निर्णय गरियो ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम का लागि वडा बाट प्राप्त (युवा रुपान्तरण पहल)देहायका आयोजनाहरु संचालन गर्ने विवरण- आ.व. २०७७/०७८**

| वडा | आयोजनाको नाम | आयोजनाको रकम | कैफियत |
|---|---|---|---|
| १ | कृषि कुलो मर्मत (साविक वडा न. १,२,३,४ | ४६५८१७.०० | |
| २ | कृषि कुलो मर्मत | ३८७७५०.०० | |
| ३ | भकुवा कुलो मर्मत | ५५८३६०.०० | |

हरिपुर नगरपालिका सर्लाही

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिती २०७८।०१।२३

| | | | |
|---|---|---|---|
| ४ | सिचाई कुलो पैनी मर्मत सम्भार | ५११८३०.०० | |
| ५ | कृषि कुलो मर्मत | ६०४८९०.०० | |
| ६ | कृषि कुलो मर्मत | ७०५७०५.०० | |
| ७ | कृषि कुलो मर्मत | ५६७६६६.०० | |
| ८ | कृषि कुलो मर्मत | ४८६९८६.०० | |
| | **जम्मा** | ४२,८९,००१.०० | |

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको वडा नं. १ को सडक मर्मत तथा डिजेल खर्च दिने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. १ मा सडक विग्रेकोले विभिन्न ठाउँहरुमा नगरपालिकाको टिपर र जेसिवीबाट सडक मर्मत तथा सम्भार गरिएकोले इन्धन खर्च वापतको रकम रु. २२,३००।०० छैठौ नगरसभाको पेज नं. १४ सि.नं. १०२ खर्च शिर्षक ३११७१ को सार्वजनिक सम्पती मर्मत सम्भार इन्धन खर्च (बाटो, कुलो नाला मर्मतको लागि) रकम रु. १००००००।०० विनियोजन भएको रकमबाट वडा नं. १ का वडाध्यक्ष श्री कुमार लामालाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको खानेपानी हयाण्डपाइप सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको प्रत्येक वार्डमा ३-३ वटा हयाण्डपाइप जडान लागत अनुमान कार्य सम्पन्न प्रतिवेदनको आधारमा यस नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको हरैया डुवान क्षेत्रमा नाला निर्माण सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ४ हरैया डुवान क्षेत्रमा पानी निकासको लागि आरसिसि नाला निर्माणको लागि रकम रु. १७,००,०००।०० विनियोजित रकम बाट योजना संचालनको लागि उपभोग गर्ने सेवाग्राही तथा योजनामा पर्ने सम्पुर्ण जग्गा धनीहरुको सहमतीको आधारमा योजना सम्झौता गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिती २०७८।०१।२३

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको औषधी खरिद सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको नेपाल सरकार सशर्त कार्यक्रममा १५९५०००।०० मध्येबाट १५,००,०००।०० तथा नगरपालिकाको बजेट शिर्षक पेज नं. ११ को सि.नं. ६३ को औषधी तथा स्वास्थ्य उपकरण खरिद कार्यक्रमबाट रकम रु. १५,००,०००।०० गरी जम्मा रकम रु. ३०,००,०००।०० बरावरमा रकम रु. २५,००,०००।०० औषधी खुला टेण्डरबाट खरिद गर्ने तथा हाल स्वास्थ्य चौकीहरुमा कोभिड १९ को कारण औषधी अभाव भएकोले तुरुन्तै खरिद गर्नु परेकोले कोटेशन विधिबाट रकम रं ५,००,०००।०० औषधी खरिद गर्ने गरी निर्णय गरियो ।

**निर्णय नं. ६**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको खोप केन्द्रको लागि फर्निचर व्यवस्था गर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका चार खोप केन्द्रहरुको लागि फर्निचर खरिदको लागि टेवल कुर्सि वेन्च लगाएतको फर्निचर खरिद गर्न नेपाल सरकारको सशर्त कार्यक्रमको पेज नं. ३९ सि.नं. ६७ बाट रु. ४०,०००।०० खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको प्रावि ईन्द्रपुर फिल्ड कम्पाउण्डमा थप रकम दिने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका छैठौ नगरसभाको पेज १४ सि.नं. १०२ मा सार्वजनिक सम्पती मर्मत सम्भार इन्धन खर्च (बाटो, कुलो नाला मर्मतको लागि) रकम रु. १००००००।०० विनियोजन भएको रकम मध्येबाट रु. १,५०,०००।०० प्रावि इन्द्रपुरको तार वार घेरावेरा लगाउन खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको सार्वजनिक विद्यालय लक्ष्मीपुरको कम्पाउण्डवाल भत्काइएको मर्मत सम्भार कार्यमा थप रकम दिर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ६ सार्वजनिक विद्यालय लक्ष्मीपुरको क्म्पाउण्डवाल भत्केको वाललाई नयाँ पर्खाल निर्माणको लागि यस नगरपालिका छैठौ नगरसभाको पेज १४ सि.नं. १०२ मा सार्वजनिक सम्पती मर्मत सम्भार इन्धन खर्च (बाटो, कुलो नाला मर्मतको लागि) रकम रु. १००००००।०० विनियोजन भएको रकम मध्येबाट रु. २,५०,०००।०० सार्वजनिक विद्यालय लक्ष्मीपुरलाई दिने निर्णय गरियो ।

हरिपुर नगरपालिका सर्लाही